
# विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

# २०७९-२०८४




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## सुदुरपश्चिम प्रदेश

## जिल्ला डोटी

## बोगटान फुड्सिल गाउँपालिका

२०७९

**निर्माण निर्देशिका :** विपद् जोखिम राणनीतिक कार्ययोजना २०७९-२०८४

**सर्वाधिकार :** बोगटान फुड्सिल गाउँपालिका

**प्रथम प्रकाशन :** २०७९

**आर्थिक सहयोग :** कारितास अस्ट्रिया र कारितास नेपाल

**प्राविधिक सहयोग :** सामुदायिक बिकास मञ्च नेपाल डोटी

# विषय सूचि


अध्याय १: पृष्ठभूमि ..... 1

१.१ भौगोलिक बनोट ..... 1

१.२ नदी तथा जलाधार क्षेत्र ..... 1

१.३ प्रकोपको अवस्था ..... 1

१.३.१ भूकम्प ..... 1

१.३.२ महामारी ..... 2

१.३.३ सडक दुर्घटना ..... 2

१.३.४ पहिरो ..... 2

१.३.५ चट्याङ्ग ..... 2

१.१.६ खडेरी ..... 2

अध्याय २: विपद् जोखिम व्यवस्थापन सम्वन्धी विद्यमान कानूनी तथा नीतिगत व्यवस्था ..... 3

२.१ संवैधानिक व्यवस्था ..... 3

२.२ सेन्डाई कार्यढाँचा २०१५-२०३० ..... 3

२.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (पहिलो संशोधन), २०७४ ..... 3

२.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ..... 3

२.५ राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० ..... 4

२.६ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया ..... 4

अध्याय ३: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना ..... 5

३.१ परिचय ..... 5

३.२ मार्गदर्शक सिद्धान्त ..... 5

३.३ दीर्घकालीन सोंच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य ..... 6

अध्याय ४: प्राथमिकता प्राप्त क्षेत्र १ ..... 11

विपद् जोखिम आँकलन एवं बुझाइको विकास ..... 11

४.१ प्राथमिकता प्राप्त कार्य १: बहूप्रकोप जोखिम आँकलन, नक्शाङ्कन र विश्लेषण ..... 11

४.२ प्राथमिकता प्राप्त कार्य २: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सम्प्रेषण ..... 15

४.३ प्राथमिकता प्राप्त कार्य ३: विपद् जोखिम न्यूनीकरणका लागि ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि ..... 17

अध्याय ५: प्राथमिकता प्राप्त क्षेत्र २ ..... 20

विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण . . . . . 20
५.१ प्राथमिकता प्राप्त कार्य ४: नीतिगत व्यवस्था, संस्थागत विकास एवं सुदृढीकरण . . . . . 20
५.२ प्राथमिकता प्राप्त कार्य ५: समावेशी विपद् व्यवस्थापनको प्रवर्द्धन . . . . . 22
५.३ प्राथिमकता प्राप्त कार्य ६: समन्वय संयन्त्रको विकास . . . . . 24
५.४ प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम न्यूनीकरणका लागि सहकार्य र साझेदारी अभवृद्धि . . . . . 25
अध्याय ६: प्राथमिकता प्राप्त क्षेत्र ३ . . . . . 27
विपद् जोखिम न्यूनीकरणमा आधारित लगानी प्रवर्द्धन . . . . . 27
६.१ प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लागानी अभिवृद्धि . . . . . 27
६.२ प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी प्रवर्द्धन . . . . . 33
६.४ रणनीतिक कार्य ११: समुदायमा आधारित विपद् उत्थानशील कार्यक्रम प्रवर्द्धधन . . . . . 35
अध्याय ७: प्राथमिकता प्राप्त क्षेत्र ४ . . . . . 37
प्रभावकारी विपद् पूर्वतयारीको सुदृढीकरण . . . . . 37
७.१ प्राथमिकता प्राप्त कार्य १२: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी सुदृढीकरण . . . . . 37
७.२ प्राथमिकता प्राप्त कार्य १३: बहूप्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार . . . . . 39
७.३ रणनीतिक कार्य १४: खोज तथा उद्धार क्षमता विकास . . . . . 41
७.४ प्राथमिकता प्राप्त कार्य १५: उत्थानशील पुनर्निर्माण, पुनर्स्थापना र पुनर्लाभका लागि अझ राम्रो र बलियो निर्माण . . . 42
अध्याय ८: रणनीतक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था . . . . . 44
अध्याय ९: अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन . . . . . 46
९.१ रणनीतिक कार्ययोजनाको कार्यान्वयन . . . . . 46
९.२ अनुगमन तथा मूल्याङ्कन . . . . . 46
९.३ पुनरावलोकन र अध्यावधिक . . . . . 47

# अध्याय १: पृष्ठभूमि

## १.१ भौगोलिक बनोट

यो बोगटान फुड्सिल गाउँपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ। यो क्षेत्र समुन्द्र सतह १४४७ मिटर देखि १५६७ मिटरको उचाईमा रहेको छ। यो क्षेत्र भौगोलिक दृष्टिले उच्च भिरालोपन रहेको र प्रायजसो बनजङ्गलले ढाकेको छ। यो गाउँपालिकामा मलिलो र उर्वर माटो पाइने भएकाले कृषि उत्पादनमा बृद्धि भइरहेको छ। तुलनात्मक रुपमा यस क्षेत्रमा बस्तीहरु छरिएर रहेकोले जनसंख्याको चाप धेरै नरहेको छ।

## १.२ नदी तथा जलाधार क्षेत्र

यस गाउँपालिकाका मूख्य नदी तथा खोलाहरुमा टुणा खोला, पतली खोला, गला खोला, भेरी खोला, मूसे खोला, ठस्लो खोला, लडे खोला, बात्तया खोला रहेका छन्। यी नदीहरु पहाडी क्षेत्रका खोच तथा भिरालोपन भएको भागमा उच्च गतिले बग्ने हुँदा क्षयीकरण प्रशस्त मात्रमा हुनाले पहिरोजन्य प्रकोप बढीरहेका छन्। हिउँदमा यी नदीहरुमा पानी कम हुने र बर्षाको समयमा बढी हुने हुँदा बर्षायाममा उच्च रह्ने गर्दछ।

## १.३ प्रकोपको अवस्था

यो बोगटान फुड्सिल गाउँपालिका प्राकृतिक तथा मानविय प्रकोपका कारण विभिन्न विपद्हरूको जोखिममा रहेकोले हरेक वर्ष औसत खोला बगेर पहिरोले च्यापेर, चट्याङ आदी भन्दा बढी विविध विपद्का घटनाहरू हुने गर्दछन्। पछिल्लो २०४० वर्ष देखि २०७९) को अवधिमा यस गाउँपालिकामा ३७ जना भन्दा बढी व्यक्तिहरूले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन्। यस गतबर्षमात्र विपदबाट यस गाउँपालिकामा ४ जनाको मृत्यु, ३ जना घाईते भएका छन् भने लगभग १७ घरपरिवारहरु प्रभावित बनेका छन्।

यस गाउँपालिका विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरू हुने गर्दछन्। यस गाउँपालिका पहाडी भूभाग मात्र पर्दछ। पहाडी भाग पहिरो र भूक्षयको जोखिममा छ भने समतल भाग बाढी, पहिरो, आगलागी, चट्याङ सहक दुर्घटना र महामारीको जोखिममा छन्। यस गाउँपालिकामा विपद् निम्त्याउने मुख्य प्रकोपहरू यस प्रकार छन्।

### १.३.१ भूकम्प

वि. सं. २०७२ बैशाख १२ गते गोरखा केन्द्र विन्दु भएको ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्पको कारण गाउँपालिकाले जनधनको धेरै क्षति बेहोर्नु पऱ्यो। तत्पश्चात् २०७२ साल बैशाख २९ गते सिन्धुपाल्चोक केन्द्र विन्दु भएको ७.३ रेक्टर स्केलको ठूलो पराकम्पनले र निरन्तर आईरहेका अन्य पराकम्पनहरूले जनधनको थप क्षति बढायो। उक्त भूकम्पले हिमपहिरो, सुख्खा पहिरो, बाटो अवरोध जस्ता विपत्तीहरू सिर्जना गऱ्यो। उक्त भूकम्पको कारण यस गाउँपालिकामा कनै पनी क्षती नभएकोले भूकम्प पूर्बतयारी का गतीबिधि संञ्चालन गर्नु पर्ने हुन्छ।

### १.३.२ महामारी

यस गाउँपालिकामा जनसमुदायहरू महामारीको प्रकोपबाट अत्यन्त असुरक्षित छन् । पानी, किरा र जीवाणुबाट संक्रमण हुने रोगका कारण धेरैको ज्यान जाने गरेको छ। सन् २०५६, २०७६ र २०६१ देखि हल सम्ममा झाडापखलाका कारण ७ जनाले ज्यान गुमाएका छन् । गाउँपालिकामा झाडा पखाला, हेपाटाईटिस, एनफ्लुएन्जा, टाइफाईड, दम, हैजा, यौन रोग, क्षयरोग र कुष्ठरोग संक्रमण हुने रोगहरू हुन् ।

### १.३.३ सडक दुर्घटना

सन २०७० देखि हाल सम्मको तथ्याङ्क केलाउँदा सडक दुर्घटनावाट हुने मृत्युदर बढिरहेको देखिन्छ । विगत ९ वर्षको तथ्याङ्क अनुसार यस गाउँपालिकामा सडक दुर्घटनामा परी ११ जनाले ज्यान गुमाउँछन् भने करीब १३ व्यक्तिहरु घाईते हुन्छन् ।

### १.३.४ पहिरो

सन् २०४० देखि २०७९ सम्ममा पहिरो तथा बादीका कारण यस गाउँपालिकामा १८ जनाले ज्यान गुमाएका छन् । बाढी र पहिरोको प्रकोपबाट गाउँपालिकाको ठूलो जनधनको क्षति भएको थियो । मुसलधारे वर्षा, पहिरो र बाढीको कारण कृषि योग्य भूमिको ७४ हेक्टर भूभाग प्रभावित भएको थियो । थुप्रै सिंचाई प्रणाली, ग्रामिण सडक पुल र अन्य पूर्वाधारहरू क्षतिग्रस्त भएका थिए । करिब करेडौ नेपाली रूपियाँ बराबर कूल क्षति भएको अनुमान गरिएको थियो ।

### १.३.५ चट्याङ्ग

यस गाउँपालिकामा केही दशकदेखि चट्याङ्गका घट्नाहरु अत्यधिक रुपमा बढ्न थालेका छन् । विशेषगरी चुरे र महाभारत क्षेत्रमा चट्याङ्गका घटनाहरु बढी हुने गरेको देखिन्छ । २०७१ देखी २०७४ सम्मको तथ्याङ्कले २ वटा चट्याङ्गका घटना भएका र त्यसमा परी २ जनाको मृत्यु भएको देखिन्छ । चट्याङ्गको प्रकोप नक्शाङ्कन एवं पूर्वचेतावनी प्रणाली नहुँदा जोखिम बर्षेनी बढ्दो छ ।

### १.१.६ खडेरी

यस गाउँपालिकामा वर्षेनी हुने खडेरीले कृषि, पर्यावरण र मानव पद्धतिमा नकारात्मक असर पुऱ्याइरहेको छ । मंसिरदेखि जेष्ठ सम्मको अवधि अपेक्षाकृत सुक्खा हुन्छ र मनसुन अवधिमा लामो समयसम्म पानी नपर्दाको अवधिमा पनि खडेरीको जस्तै अवस्था पैदा हुन्छ । गाउँपालिकामा पानीको स्रोतहरू (मुख्यतया भूमिगत पानीका मूलहरू) सुक्ने घटनाहरू वृद्धि भइरहेको अनुभव गरीएको छ । गाउँपालिकामा हरेक वर्ष यस क्षेत्रहरूमा बस्ने करिब ८० प्रतिशत परिवार खडेरीले प्रभावित हुन्छन् । खडेरीको कारण अन्न उत्पादनमा व्यापक गिरावट आउँछ र भोकमरीको समस्या अझ बढ्न जान्छ ।

## अध्याय २: विपद् जोखिम व्यवस्थापन सम्वन्धी विद्यमान कानूनी तथा नीतिगत व्यवस्था

### २.१ संवैधानिक व्यवस्था

नेपालको संविधानले प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने नीति अवलम्बन गरेको छ। संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ। यसै गरी विपद् व्यवस्थापनलाई अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखेको छ।

### २.२ सेन्डाई कार्यढाँचा २०१५-२०३०

यस कार्य ढाँचाले चार वटा प्राथमिकता क्षेत्रहरू तोकी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य  लिएको छ।

### २.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (पहिलो संशोधन), २०७४

नेपालले पनि अन्तर्राष्ट्रिय प्रतिबद्धता, विगतका विपदहरूको अनुभवहरू एवं नेपालको संविधान वमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा ल्याएको छ।

यस ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका समग्र पक्षहरूलाई समेटेको छ। विपद व्यवस्थापनका लागि एक विशिष्टीकृत निकायको रूपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहको कार्य एवं जिम्मेवारीलाई स्पष्ट गरेको छ। संघीय कानूनसंग नबाझिने गरी स्थानीय तहले आफ्ना नीति, ऐन, रणनीति, कार्यढाँचा लगायतका आवश्यक नीतिगत र कार्यगत दस्तावेज तयार गर्ने अधिकार प्रदान गरेको छ।

### २.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ। यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमनका सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन आदि कार्यलाई समेत गाउँपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ।

## २.५ राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७०

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० ले विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्दार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ ।

## २.६ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

यस गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि सन् २०१५ पछि स्वीकार गरीएका ऐन, नीति, तथा कार्यढाँचाहरूको आधारमा विपद् जोखिम व्यवस्थापन रणनीतिक कार्ययोजना तयार गरी अघि बढ्नु पर्ने आवश्यकता महसूस गरेको छ ।

सरोकारवालाहरू सँगको परामर्श, कार्यशाला गोष्ठीहरू तथा क्षेत्रगत कार्य समूहहरूको सुझाव र सिफारिसहरूलाई समेटी तयार गरीएको मस्यौदालाई विभिन्न चरण र तहमा व्यापक छलफल गरी सबैको राय, परामर्श, सल्लाह र सुझावका आधारमा यस रणनीतिक कार्ययोजनालाई अन्तिम रूप दिइएको थियो ।

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ कार्यान्वयनबाट प्राप्त अनुभव, गोरखा भूकम्प २०७२ को अनुभव तथा सिकाई, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता, दिगो विकास लक्ष्य र सेण्डाइ कार्यढाँचाका आधारमा गाउँपालिकाले यस "विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना" तयार गरेको छ। यसले जोखिम न्यूनीकरणका लागि जोखिम संवेदनशील कार्यहरू पहिचान गरी स्थानीय स्तरको विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी कार्यान्वयनमा सबै सरोकारवाला निकायहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नेछ ।

## अध्याय ३: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

### ३.१ परिचय

विपद् तथा जलवायुजन्य जोखिम न्यूनिकरणका माध्यमबाट उत्थानशीलता अभिवृद्धि गर्दै दिगो विकासका राष्ट्रिय लक्ष्य हासिल गर्नुमा योगदान दिनु यस गाउँपालिकाको दायित्व हो । विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाले विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि तयार गरिएको हो ।

गाउँपालिका विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माणका क्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्ययोजना २०१८-२०३० लाई मार्गदर्शनका रुपमा लिइएको छ ।

यस रणनीतिक कार्ययोजनाले गोरखा भूकम्प सहित हालका वर्षहरूमा भएका अन्य प्रमुख विपद्हरूका अनुभव तथा सिकाईहरू र जलवायु परिवर्तन अनुकूलन तथा दिगो विकास लक्ष्यका पहलहरूलाई ग्रहण गरेको छ । कार्ययोजनामा चारवटा मूल प्राथमिकता प्राप्त क्षेत्र, त्यसका सहायक क्षेत्रहरू र रणनीतिक क्रियाकलापहरू समेत स्पष्ट रूपमा परिभाषित गरी विभिन्न निकायहरुको जिम्मेवारी निर्धारण गरीएको छ ।

### ३.२ मार्गदर्शक सिद्धान्त

बागटान फुड्सिल गाउँपालिकाबाट यस रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरीनेछन् ।

१. विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा उमेर र अपाङ्गताको आधारमा छुट्टाछुट्टै अद्यावधिक, बृहत्तर, परम्परागत ज्ञानलाई औपचारिक र सम्मानपूर्ण मान्यता दिई विज्ञानमा आधारित तथ्याङ्कको सहज उपलब्धता, खुला आदान प्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरीनेछ ।

२. संघ, प्रदेश र अन्य साझेदार संस्थाहरुसंगको समन्वय र सहयोगमा गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापनको कार्य गर्नेछ ।

३. विपद् जोखिम व्यवस्थापन गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा दिगो विकासको अवधारणालाई प्रबर्धन गरीनेछ ।

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समुदायका सबै पक्ष तथा क्षेत्रसँगको सहभागिता तथा साझेदारीमा गरीनेछ । यसका लागि विपद्बाट अति प्रभावित समुदाय तथा वडाको सशक्तीकरण गरीनेछ ।

५. मुख्यतया अति गरीब र जोखिममा रहेका व्यक्तिहरु जस्तै गर्भवती तथा सुत्केरी महिला, बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिई समुदायको

समावेशी, पहुँचयुक्त तथा विभेदरहित सहभागिता सुनिश्चित गरीनेछ ।

६. स्थानीय तहका सबै सरोकारवाला निकायहरुको पूर्ण सहभागिता, सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारी र भूमिकाको स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रिय संलग्नता, साझेदारी तथा परिपूरकताको सुनिश्चितता गरीनेछ ।

७. विपद् जोखिमका स्थानीय विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गरीनेछन् ।

८. विपद् पश्चात पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न अझ राम्रो, बलियो र सुरक्षित बनाऔं भन्ने अवधारणा अवलम्वन गरीनेछ ।

९. विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिबृद्धि गरीनेछ ।

## ३.३ दीर्घकालीन सोंच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

**(क) दीर्घकालीन सोचः**

विपद् उत्थानशिल अभिवृद्धि गरी सुरक्षित र समृद्ध गाउँपालिकाको विकास गर्नु रहेको छ ।

**(ख) ध्येयः**

विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण जलवायु परिवर्तन अनुकुलन मूलप्रवाहीकरण गरी उत्थालनशीलता अभिवृद्धिका साथै दिगो विकास लक्ष्यमा योगदान गर्ने ।

**(ग) उद्धेश्यः**

१. विपद् उत्थानशीलता अभिवृद्धि गरी मानवीय मृत्यु, प्रभावित हुने मानिसको संख्या र जीवन निर्वाहका साधन, स्वास्थ्य, शिक्षा, कृषि लगायतका आधारभूत सेवा प्रदायक क्षेत्रमा हुने क्षति कम गर्नु ।

२. विपद्को जोखिम पहिचान र न्यूनीकरण गरी उत्थानशील गाउँपालिकाको विकास गर्नु ।

३. नियमित विकास योजना तर्जुमा तथा कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्नु ।

४. प्रभावकारी प्रतिकार्य र पुनर्स्थापनामा “अझ बलियो र अझ राम्रो “निर्माणका लागि पूर्वतयारीलाई सुदृढ बनाउनु ।

**(घ) अपेक्षित परिणामः**

१. बार्षिक विकास योजनामा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गरेर विपद् उत्थानशील गाउँपालिकाको विकास हुनेछ ।

२. विषयगत क्षेत्रको विकासमा हुने क्षति कम भएर मानवीय मृत्यु तथा प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य रूपमा कम हुनेछ ।

३. जीविकोपार्जनका साधन, स्वास्थ्य, शिक्षा, कृषि जस्ता आधारभूत सेवाप्रदायक क्षेत्रमा जोखिम न्यूनीकरण भएर उत्थानशील गाउँपालिकाको विकास हुनेछ ।

४. नागरिकमा विपद् जोखिम न्यूनीकरण गर्ने संस्कृतिको विकास भएर समृद्ध गाउँपालिकाको निर्माणमा योगदान पुग्नेछ ।

**(ङ) मापनयोग्य लक्ष्यः**

विपद्बाट विभिन्न क्षेत्रमा हुने क्षति र उत्पन्न हुने अवरोध, मानवीय मृत्यु, आर्थिक एवं वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यून गर्नु यस रणनीतिक कार्ययोजनाको लक्ष्य रहेको छ ।

यसैगरि संघ र बागमती प्रदेशले समेत गरेको प्रक्षेपित लक्ष्य अनुरुप गाउँपालिकाले विपद्का कारण हुने क्षतिलाई घटाएर विपद् उत्थानशील गाउँपालिकाको निर्माण गर्ने गरी देहाय अनुसारका मापन योग्य लक्ष्य प्रक्षेपण गरेको छ ।

मापनयोग्य लक्ष्यहरुलाई स्थानीय विपद व्यवस्थापन समितिको बैठकमा छलफल गरी अन्तिम रुप दिईने छ ।

| क्रसं. | सूचक | आधार रेखा (२०७७ सम्मको औषत) | अल्पकालीन (२०८०) | मध्यकालीन (२०८३ सम्म) | दीर्घकालीन (२०८७ सम्म) |
|---|---|---|---|---|---|
| **१.** | **गाउँपालिकामा विपदबाट हुने मानवीय मृत्युदर घटाउने** | | | | |
| १.१ | विपद्बाट हुने मानवीय मृत्यु (वार्षिक औसत) संख्या घटाउने | | | | |
| **२.** | **गाउँपालिकामा विपदबाट प्रभावित परिवारको सङ्ख्या कम गर्ने** | | | | |
| २.१ | विपदबाट प्रत्यक्ष प्रभावित हुने परिवार (वार्षिक औसत) को संख्या घटाउने | | | | |
| २.२ | विपदबाट घाइते हुने मानिस (वार्षिक औसत) को संख्या घटाउने | | | | |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुने (वार्षिक औसत) को संख्या घटाउने | | | | |
| २.४ | विपदबाट सरकारी, सार्वजनिक र निजी भवन तथा घरमा हुने क्षति (वार्षिक औसत) को संख्या घटाउने | | | | |
| **३** | **गाउँपालिकाको कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रुपमा कम गर्ने** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१ | गाउँपालिकाको कूल गार्हस्थ्य उत्पादनमा विपदबाट प्रत्यक्ष रूपमा हुने आर्थिक क्षति कम गर्ने | | | | |
| ४ | **महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपदबाट हुने क्षति र अवरोध कम गरी उत्थानशीलता बढाउने** | | | | |
| ४.१ | स्वास्थ्य भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने | | | | |
| ४.२ | कक्षा कोठाहरूको मर्मत सम्भार र प्रबलीकरण गरी उत्थानशीलता बढाउने | | | | |
| ४.३ | विद्यालय भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने | | | | |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका माध्यमबाट गुणस्तरीय शिक्षाका लागि सुरक्षित विद्यालयको नमूना विकास गर्ने | | | | |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता बढाउने | | | | |
| ४.६ | सांस्कृतिक सम्पदाको प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने | | | | |
| ४.७ | खानेपानीका संरचनाहरूको मर्मतसम्भार गरी उत्थानशीलता विकास गर्ने | | | | |
| ४.८ | उच्च जोखिमयुक्त पहिरोको जोखिम न्यूनीकरण (संख्या) | | | | |
| ४.९ | जलाधारहरूको संरक्षण गर्ने (संख्या) | | | | |
| ४.१० | ताल, सिमसार तथा पोखरीहरूको संरक्षण (संख्या) | | | | |
| **५** | **गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.१ | गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने (संख्या) | | | | |
| ५.२ | गाउँपालिका र सरोकारवाला बीच समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने | | | | |
| ५.३ | पुनर्लाभ, पुनःर्स्थापना तथा पुनर्निर्माणका लागि "अझ राम्रो र बलियो निर्माण" को सिद्धान्त अनुरुप श्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने | | | | |
| **६** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा बढाउने** | | | | |
| ६.१ | गाउँपालिकाको कूल क्षेत्रफलमध्ये बहुप्रकोप अनुगमन र पूर्वसूचना प्रणालीको स्थापना र सञ्चालन भएको क्षेत्रफल बढाउने (प्रतिशतमा) | | | | |
| ६.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत् पूर्वसूचना प्राप्त गर्ने जनसंख्या बढाउने (प्रतिशतमा) | | | | |
| ६.३ | विपद् जोखिमयुक्त क्षेत्रहरुमा पूर्वानुमानमा आधारित पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्ने (संख्या) | | | | |
| ६.४ | समुदाय स्तरमा विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने (प्रतिशतमा) | | | | |
| ६.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्या बढाउने (प्रतिशतमा) | | | | |

**(च) प्राथमिकता प्राप्त क्षेत्रहरू:**

यस रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणालाई आत्मसात गरेको छ। विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचालाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनाले चार प्राथमिकता प्राप्त क्षेत्रहरू र १५ प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ।

उल्लेखित लक्ष्य प्राप्तिका लागि देहायबमोजिमका प्राथमिकता प्राप्त क्षेत्र, प्राथमिकता प्राप्त कार्य र रणनीतिक कार्ययोजना निर्धारण गरिएको छ:

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिम आँकलन एवं बुझाइको विकास**

प्राथमिकता प्राप्त कार्य १: बहूप्रकोप जोखिम आँकलन, नक्शाङ्कन र विश्लेषण

प्राथमिकता प्राप्त कार्य २: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सम्प्रेषण

प्राथमिकता प्राप्त कार्य ३: विपद् जोखिम न्यूनीकरणका लागि ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य ४: नीतिगत व्यवस्था र संस्थागत विकास एवं सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य ५: समावेशी विपद् व्यवस्थापनको प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य ६: समन्वय संयन्त्रको विकास

प्राथमिकता प्राप्त कार्य ७: विपद् उत्थानशीलताका लागि सहकार्य र साझेदारी

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवर्द्धन**

प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लगानी अभिवृद्धि

प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य १०: विपद् जोखिम हस्तान्तरण र सामाजिक सुरक्षामा लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ११: समुदायमा आधारित विपद् उत्थानशील कार्यक्रम प्रवर्द्धन

**प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् पूर्वतयारी सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य १२: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १३: बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार

प्राथमिकता प्राप्त कार्य १४: खोज तथा उद्धार क्षमता विकास

प्राथमिकता प्राप्त कार्य १५: उत्थानशील पुनर्निर्माण, पुनःस्थापना र पुनर्लाभका लागि "अझ राम्रो र बलियो निर्माण" को प्रवर्द्धन

## अध्याय ४: प्राथमिकता प्राप्त क्षेत्र १

### विपद् जोखिम आँकलन एवं बुझाइको विकास

गाउँपालिकाको भूगोल, सामाजिक, आर्थिक वस्तुस्थिति र विपद्को परिदृष्यलाई लिएर विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गरिएको छ। सेण्डाइ कार्यढाँचा सन् २०१५-२०३० ले प्रस्तुत गरेको मार्गचित्र, संघ र प्रदेशको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाले गरेको मार्गदर्शनलाई समेत आधार मानिएको छ।

प्रकोपको प्रकृति, बारम्बारता र त्यसले पार्ने प्रभाव, सामाजिक तथा आर्थिक अवस्था, स्थानीय ज्ञान, सीप र प्रविधि एवं वर्तमान विज्ञान तथा प्रविधि बिच सामञ्जश्य गरी जोखिम पहिचान र जोखिमको न्यूनीकरण गर्नु आवश्यक छ। यसका लागि आम मानिसमा विपद् र यसको जोखिम बारेको बुझाइलाई सशक्त बनाउनु पर्छ। मानवीय पूँजी, प्राकृतिक पूँजी, सामाजिक पूँजी, भौतिक पूँजी र वित्तीय पूँजीजस्ता जीविकोपार्जनका साधन वा गाउँपालिकाले निर्धारण गरेका विकासका विषयगत क्षेत्रमा विपदबाट पर्ने प्रभावको प्रकृति र परिणामबारे स्पष्ट बुझाइ नभएसम्म विपद् जोखिम न्यूनीकरणका प्रभावकारी बन्दैनन् । त्यसैले विपद् जोखिमबारे आम मानिसको बुझाइलाई यथार्थ बनाउन "विपद् जोखिमबारे बुझाइको विकास" पहिलो प्राथमिकता प्राप्त क्षेत्रको रूपमा पहिचान गरिएको छ, जसअन्तर्गत निम्न तीनवटा प्राथमिकता प्राप्त कार्य निर्धारण गरिएको छ

प्राथमिकता प्राप्त कार्य १: बहूप्रकोप जोखिम आँकलन, नक्शाङ्कन र विश्लेषण

प्राथमिकता प्राप्त कार्य २: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सम्प्रेषण

प्राथमिकता प्राप्त कार्य ३: विपद् जोखिम न्यूनीकरणका लागि ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि

उल्लिखित तीनओटा प्राथमिकताप्राप्त कार्यलाई परिणाममुखी बनाउन निम्नअनुसार कामगर्ने गरी कार्ययोजना तयार गरिएको छः

### ४.१ प्राथमिकता प्राप्त कार्य १: बहूप्रकोप जोखिम आँकलन, नक्शाङ्कन र विश्लेषण

गाउँपालिकामा हुने विपद् तथा जलवायुजन्य जोखिमको अध्ययन, अनुसन्धान गरी प्रकोपको आकलन, नक्शाङ्कन र विश्लेषण गरी अभिलेखीकरण गरिने छ। यस क्रममा प्रमुख विपद्को छुट्टा-छुट्टै र एकीकृत नक्शाङ्कन र अभिलेखीकरण गरी विपद् जोखिम न्यूनीकरणका कार्य समेत पहिचान गर्न निम्न अनुसार कार्य गरिनेछ।

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **आधारभूत नक्सा तयारी:** गाउँपालिकाको भौगर्भिक सक्रिय दरार, भौगोलिक | गाउँपालिकामा प्रकोपको सम्भावना पहिचान र न्यूनीकरणका उपाय | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्वरुप, भिरालोपन, जलाधार, भूउपयोगको अवस्था, वर्षा लगायतका विषय समेटेर परिवेश अनुरुप छुट्टा छुट्टै र एकीकृत नक्शा तयार गर्ने । | अवलम्बन गर्न आधारभूत नक्शाहरू तयार भएका हुनेछन् । | | | |
| २. | **भूकम्पीय जोखिमको अनुसन्धान र नक्शाङ्कनः**<br>भूकम्पको उच्च जोखिममा रहेका समुदायको पहिचान र जोखिम नक्शाङ्कन गर्ने, गराउने । | भूकम्पको जोखिम रहेका समुदायको पहिचान भएर जोखिम न्यूनीकरण कार्यक्रम तयार भएका हुनेछन् । | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |
| ३. | **पहिरोको अध्ययन र नक्शाङ्कनः**<br>गाउँपालिकाका पहिरोको जोखिम नक्शाङ्कन गर्ने । | पहिरोको उच्च जोखिममा रहेका समुदायको जोखिम नक्शाङ्कन भई पहिरो नियन्त्रणका कार्य भएका हुनेछन् । | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |
| ४. | **आगलागीको जोखिम पहिचानः**<br>गाउँपालिकामा आगलागी हुने कारण र अवस्थाको अध्ययन गरी जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन गर्ने । | आगलागीको जोखिम र कारण पहिचान भई जोखिम न्यूनीकरणका आधार तयार भएका हुनेछन् । | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |
| ५. | **सडक दुर्घटना क्षेत्रको पहिचान र नक्शाङ्कनः**<br>अत्यधिक दुर्घटना हुने सडकको स्तर वर्गीकरण गरी जोखिम न्यूनीकरणका विधि पहिचान गर्ने । | गाउँपालिकामा सञ्चालनमा रहेका सडकको अवस्था र अत्यधिक जोखिम रहेका क्षेत्रको पहिचान भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | **अन्य प्रकोपको लेखाजोखा र नक्शाङ्कनः**<br>गाउँपालिकामा हुने चट्याङ, जनावर आतङ्क, महामारी, लगायतका विपद्जन्य घटना हुने सम्भावित क्षेत्र र कारण पहिचान गरी जोखिम नक्शाङ्कन अभिलेखीकरण गर्ने । | प्राकृतिक र मानवीय कारणबाट उत्पन्न हुने विपद्जन्य जोखिमको क्षेत्र र कारण पहिचान भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ७. | **सङ्कटासन्नता र जोखिम लेखाजोखाः**<br>समुदायमा आधारित विधि तथा औजार प्रयोगद्वारा गाउँपालिकामा को सङ्कटासन्नता जोखिम लेखाजोखा गरी जोखिमको तह स्तरीकरण गर्ने । | गाउँपालिकाका सबै समुदायको विपद् र जलवायु परिवर्तनबाट उत्पन्न जोखिम लेखाजोखा भएको हुनेछ । | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |
| ८. | **विषयगत क्षेत्रको जोखिम पहिचानः**<br>भौतिक पूर्वाधार, कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, सञ्चार, सामाजिक विकास समेत विभिन्न क्षेत्रमा रहेको र सम्भावित जोखिम र जोखिम न्यूनीकरणका उपाय पहिचान गर्ने । | विकासका विषयगत क्षेत्रमा पर्ने विभिन्न प्रकारका विपद् र त्यसको सम्भावित प्रभावबारे सबै तह र वर्गले जानकारी पाएका हुनेछन् । | मध्यकालीन | गाउँपालिका | गाउँपालिका |
| ९. | **विपद् जोखिम संवेदनशील भूउपयोग योजना निर्माणः**<br>भौगोलिक तथा भौगर्भिक दृष्टिले बहूविपद् जोखिम | भूउपयोग योजना तयार भई भूमिको अवस्था अनुसार उपयोग भएर | मध्यकालीन | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | न्यूनीकरण गर्न समेत उपयुक्त हुनेगरी प्रकोप नक्शाङ्कनमा आधारित जोखिम सम्वेदनशील भूउपयोग योजना तयार गर्ने, गराउने । | जोखिम न्यूनीकरणमा सहयोग मिलेको हुनेछ । | | | |
| १०. | **महामारीको लेखाजोखा:** विश्वव्यापी रूपमा विस्तार भइरहेका प्याण्डामिक महामारीको सम्भावनाप्रति सजगता अपनाउन यसको जोखिम पहिचान नियमित रूपमा गर्ने । | प्याण्डामिक महामारी र कीटपतङ्गका कारण उत्पन्न हुनसक्ने विपद् जोखिमको अभिलेख भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ११. | **अपाङ्गता मैत्री जोखिम नक्शाङ्कन:** उल्लिखित प्रक्रिया अनुरुप जोखिम नक्शाङ्कन र सम्प्रेषण गर्ने क्रममा लिङ्ग, उमेर र अपाङ्गताका आधारमा जोखिमयुक्त पूर्वाधार तथा आश्रयस्थल पहिचान गरी सार्वजनिक गर्ने र गराउने | सबै उमेर, लिङ्ग, अपाङ्गता भएका व्यक्ति लगायतका वर्गले विपद्को जोखिम र यसबाट बच्ने उपायबारे जानकारी प्राप्त गरेका हुनेछन् । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| १२. | **जोखिम विश्लेषण र एकीकृत अभिलेख:** गाउँपालिकामा हुनसक्ने सबै प्रकोपको जोखिम विश्लेषण, सङ्कटासन्न वर्ग र समूहको अवस्था र विशेष आवश्यकता भएका वर्गको अवस्था र अवश्यकता समेतको | गाउँपालिकामा उच्च सङ्कटासन्न समूहको अवस्था सहितको बहूविपद् जोखिम लेखाजोखाको अभिलेख तयार भएर जोखिम न्यूनीकरणका लागि आधार तयार भएको हुनेछ । | मध्यकालीन | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | विश्लेषण गरी एकीकृत नक्शाङ्कन र अभिलेखीकरण गर्ने । | | | | |

## ४.२ प्राथमिकता प्राप्त कार्य २ः विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सम्प्रेषण

प्राथिमकता प्राप्त कार्य १ अनुसार गरिएका कामबाट प्राप्त नतिजाबारे सबै तह र वर्गमा सूचना सम्प्रेषण गरी जानकारी दिएर सचेतना अभिवृद्धिका लागि निम्न अनुसारका कार्य गरिनेछः

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **आधारभूत तथ्याङ्कको व्यवस्थाः**<br>भौगोलिक सूचना प्रणालीमा आधारित घरधूरीसहितको जनसंख्या, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सडक सञ्जाल, सञ्चार सञ्जाल, खानेपानी, खुला क्षेत्र, भौतिक पूर्वाधार लगायत आधारभूत सेवा प्रदायक क्षेत्रको विस्तृत तथ्याङ्क तयार गरी सबै तह र वर्गमा सम्प्रेषण गर्ने । | गाउँपालिकामा आधारभूत तथ्याङ्क तयारी र सम्प्रेषण भई सबै तह र वर्गमा जानकारी भएको हुनेछ । | मध्यकालीन | गाउँपालिका | गाउँपालिका |
| २. | **विपद् व्यवस्थापन सूचना प्रणालीको विकासः**<br>विपद् र जलवायुजन्य जोखिमको पहिचानका आधार सहितको बृहत्तर स्वरुपको भौगोलिक सूचना प्रणालीको विकास गर्ने र यसलाई नियमित अध्यावधिक गर्ने । | सबै तह र समुदायमा विपद् र जलवायु परिवर्तनसम्बन्धी सूचना तथा विस्तृत तथ्याङ्क समेटिएको आधिकारिक सूचनाप्रणालीको विकास भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | **सूचना सम्प्रेषणः** विपद् र जलवायुजन्य जोखिमको लेखाजोखा, विश्लेषण र नक्शाङ्कन तथा त्यसको परिणामबारे र जोखिम न्यूनीकरणका विधि सम्बन्धमा सबै तह र वर्गले बुझ्ने विधिद्वारा सञ्चार माध्यमसँग साझेदारी गरी सूचना सम्प्रेषण गर्ने । | विपद् र जलवायुजन्य जोखिम र जोखिम न्यूनीकरणका विधि र प्रक्रिया सम्बन्धमा सबै तह र तप्काका मानिसले सूचना र जानकारी प्राप्त गरेका हुनेछन् । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ४. | **जनचेतना अभिवृद्धि** आम सञ्चार माध्यम र बहुउपयोगी सामाजिक सञ्जालको उपयोग गरी स्थानीय तहमा विपद् जोखिम सूचना साझेदारी उपयुक्तताका आधारमा मोबाइल एप्स, पोर्टलमार्फत् जानकारी प्रवाह गरी जनचेतना अभिवृद्धि गर्ने । | विपद् व्यवस्थापन सूचना प्रणालीमा आधारित सामग्रीमा समुदायको पहुँच वृद्धि भएर विपद् र यसको जोखिमबारे चेतना अभिवृद्धि भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ५. | **सूचना सम्प्रेषण साझेदारीः** गाउँपालिकाको समग्र र स्थान विशेषमा भएको विपद् जोखिमबारे आम समुदायमा नियमित सूचना सम्प्रेशण गरी सचेतना अभिवृद्धि गर्न सरकारी निकाय, नागरिक समाजमा आधारित संस्थाहरू, विकास | विपद् जोखिम र जोखिम न्यूनीकरण सम्बन्धी सूचना र जानकारी सम्प्रेषणमा समाजका विभिन्न वर्गबीच साझेदारीको विकास भई गाउँपालिकाको विपद् उत्थानशीलता अभिवृद्धिमा योगदान मिलेको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | साझेदार, राजनीतिक दल र तिनका भातृ सङ्गठनहरूबीच सहकार्य प्रवर्धन गर्ने । | | | | |
| ६. | **सामाजिक समावेशीकरणको सुनिश्चितताः**<br>विपद् र जलवायुजन्य जोखिम लेखाजोखा र नक्शाङ्कन गर्दा वा यसबारे जनचेतना अभिवृद्धि गर्दा समाजका उच्च सङ्कटासन्न समुदाय, बालबालिका, तेस्रो लिङ्गी, महिला, स्तनपान गराउने महिला, बृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिसँग छलफल र उनीहरूका समस्या र समस्या समाधानका विषय सुनिश्चित गर्ने । | समग्र विपद् जोखिम लेखाजोखा, विश्लेषण, र समाजका उच्च सङ्कटासन्न समुदायमा रहेको जोखिम पहिचानका क्रममा ती वर्गको पहुँच कायम भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

## ४.३ प्राथमिकता प्राप्त कार्य ३ः विपद् जोखिम न्यूनीकरणका लागि ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि

विपद् जोखिमबारे सबै तह र वर्गमा यथार्थ शिक्षा प्रदान गरी विपद् जोखिम न्यूनीकरणमा सबैलाई क्रियाशील बनाउन र दक्ष जनशक्तिको उत्पादनका लागि निम्न अनुसारका कार्य गरिनेछः

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको स्थापनाः**<br>विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन | विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी ज्ञान सबै तह र वर्गका समुदायमा प्रवाह भएर | मध्यकालीन | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुकूलन सम्बन्धमा नियमित ज्ञान प्रवाह गर्नका लागि स्थानीय तहमा सिकाई केन्द्र स्थापना गर्ने । | ज्ञानको प्रर्वद्धन भएको हुनेछ। | | | |
| २. | **दक्ष जनशक्ति उत्पादनः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई विकासका विषयगत क्षेत्रमा मूलप्रवाहीकरणसँग सम्बन्धित विषयमा स्थानीय तहमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | स्थानीय तहमा विकासका विषयगत क्षेत्रमा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण मूलप्रवाहीकरणमा दक्ष जनशक्तिको विकास भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ३. | **अध्ययन र अनुसन्धानः**<br>विपद् तथा जलवायुजन्य जोखिमका सम्बन्धमा गाउँपालिकाको अवस्थाबारे अध्ययन अनुसन्धान गरी जोखिमको समग्र अवस्थाको ज्ञान व्यवस्थापनको आधार तयार गर्ने । | गाउँपालिकाको सबै क्षेत्रमा हुने विपद्का विशिष्टीकृत जोखिम पहिचान र ज्ञान अभिवृद्धि भई जोखिम न्यूनीकरणका आधार तयार भएका हुनेछन्। | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ४. | **सामुदायमा आधारित समूहहरूको क्षमता विकासः**<br>समुदायमा आधारित विपद् व्यवस्थापन समिति, कार्यदल र अन्य विषयगत समूहमा विपद् जोखिम | स्थानीय तहका कार्यदल समूहहरुको विपद् जोखिम न्यूनीकरण र विपद् सामना क्षमता विकास भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | न्यूनीकरण ज्ञान अभिवृद्धि क्षमता विकास गर्ने । | | | | |
| ५. | **सामाजिक समावेशी र अपाङ्गमैत्री जनशक्ति विकासः**<br>विपद्को उच्च जोखिममा रहेका बालबालिका, महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिको चेतना र दक्षता विकासका लागि दक्ष जनशक्ति विकास गर्ने । | उच्च जोखिममा रहेका वर्गमा विपद् जोखिम व्यवस्थापन र जीवन सुरक्षा सम्बन्धी ज्ञान अभिवृद्धि भएर मानवीय क्षति न्यून भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ६. | **प्रकाशन तथा प्रसारणः**<br>विपद् र जलवायु परिवर्तनको जोखिम नक्शाङ्कन तथा लेखाजोखाबाट प्राप्त नतिजा, प्रतिवेदन, असल अभ्यास आदिको प्रकाशन गरी वितरण गर्ने । | विपद् र जलवायु परिवर्तन सम्बनधमा भएका अभ्यास र अवस्थाबारे सबै तह र वर्गमा ज्ञान प्रवाह भएको हुनेछ । | | गाउँपालिका | गाउँपालिका |

## अध्याय ५: प्राथमिकता प्राप्त क्षेत्र २

### विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न गाउँपालिकाका आफ्नै नीतिगत र संस्थागत व्यवस्था गरिनु आवश्यक रहेको छ । यस रणनीतिले पहिचान गरेका कार्य सम्पादन गर्न "विपद् जोखिम शासकीय पद्धतिको विकास र सुढीकरण" लाई दोस्रो प्राथमिकता प्राप्त क्षेत्र मानिएको छ । यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न अनुसारका चार प्राथमिकता प्राप्त कार्य पहिचान गरिएको छः

प्राथमिकता प्राप्त कार्य ४: नीतिगत व्यवस्था र संस्थागत विकास एवं सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य ५: समावेशी विपद् व्यवस्थापनको प्रवर्धन

प्राथमिकता प्राप्त कार्य ६: समन्वय संयन्त्रको विकास

प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम न्यूनीकरणका लागि सहकार्य र साझेदारी अभवृद्धि

उल्लेखित प्राथमिकता प्राप्त कार्यलाई आधार मानेर निम्न अनुसार कार्ययोजना तयार गरिएको छः

### ५.१ प्राथमिकता प्राप्त कार्य ४: नीतिगत व्यवस्था, संस्थागत विकास एवं सुदृढीकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले चुस्त नीतिगत व्यवस्था र सुदृढ संस्थागत स्वरुप स्थापनाका लागि निम्न कार्य गर्नेछः

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **गाउँपालिकामा नीतिगत व्यवस्थाः**<br>विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका लागि गाउँपालिकामा नीति, ऐन तथा रणनीति र आवश्यक निर्देशिका तयार गर्ने | गाउँपालिका तहमा विपद् जोखिम व्यवस्थापनका लागि नीतिगत र कानूनी व्यवस्था भएको हुनेछ । | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |
| २. | **निर्देशिका, मार्गदर्शन, कार्यविधि र विपद् प्रतिकार्य योजना निर्माणः** | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक पर्ने नीतिगत तथा कार्यगत दस्तावेज | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | विपद् जोखिम न्यूनीकरण गाउँपालिकाको नीति र यस रणनीतिक कार्य योजना अनुरूप विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने मार्गदर्शन, निर्देशिका, कार्यसञ्चालन विधिहरू विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने । | तयार भई कार्यमा चुस्तता आएको हुनेछ । | | | |
| ३. | **विपद् व्यवस्थापन समितिको गठन र सक्रियता प्रवर्धनः** गाउँपालिकाका सार्वजनिक तथा निजी निकाय र स्थानीय तहका वडा तहसम्म विपद् व्यवस्थापन समितिहरूको गठन र तिनको कार्य प्रभावकारिताका लागि सहयोग परिचालन गर्ने । | विपदबाट प्रभावित हुने सरकारी र गैरसकारी क्षेत्रका सबै निकायमा विपद् व्यवस्थापन समिति जोखिम न्यूनीकरण र व्यवस्थापनमा सक्रिय भएका हुनेछन् । | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |
| ४. | **विपद् व्यवस्थापन शाखाको व्यवस्थाः** गाउँपालिकामा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन शाखाको स्थापना गर्ने । | विपद् जोखिम व्यवस्थापन गर्ने जिम्मेवारी प्राप्त शाखा सक्रिय भएको हुनेछन् । | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |
| ५. | **आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापनाः** | आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापनाले विपद् | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | गाउँपालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी राष्ट्रिय र प्रदेश स्तरिय आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग सम्पर्क स्थापना गर्ने । | व्यवस्थापन सुदृढ भएको हुनेछ । | | | |
| ६. | **अनुगमन इकाईको स्थापनाः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कनका लागि बहुसरोकारवाला निकायको समेत प्रतिनिधि रहेको अनुगमन इकाई गठन गर्ने । | अनुगमन तथा मूल्याङकनमा भएका कार्यको अनुगमन मूल्याङ्कनद्वारा विपद् उत्थानशीलताका लागि गर्नुपर्ने कार्यमा सुधार भएको हुनेछ । | अल्पकालीन | गाउँपालिका | गाउँपालिका |

## ५.२ प्राथमिकता प्राप्त कार्य ५: समावेशी विपद् व्यवस्थापनको प्रवर्द्धन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका प्रत्येक कार्यमा जोखिममा रहेका समुदाय, उच्च सङकटासन्न वर्ग र लैङ्गिक विभेदरहित रुपमा सहभागी गराउन र उनीहरुको सुरक्षालाई सुनिश्चित गर्दै क्रियाशील बनाउन निम्न अनुसारका कार्य गरिनेछन:

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **समावेशी सहभागिताः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत दस्तावेज निर्माण र कार्यक्रम तर्जुमा गर्दा जोखिममा रहेका सङ्कटासन्न एवं सीमन्तीकृत समूह र | विपद् जोखिम व्यवस्थापन सम्बन्धी नीतिगत दस्तावेज निर्माण र कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सबै तह र वर्गको प्रतिनिधित्व सुनिश्चित भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | वर्गका समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि सामाजिक परिचालनलाई प्रभावकारी बनाउने । | | | | |
| २. | **लैङ्गिक संवेदनशील विपद् व्यवस्थापनः** विपद् जोखिम व्यवस्थापनका सबै प्रक्रिया र कार्यमा सबै जात र लिङ्गका मानिसको सहभागिता र लैङ्गिकमैत्री कार्यक्रम कार्यान्वयन गर्ने । | विपद् जोखिम व्यवस्थापन लैङ्गिक मैत्री भएर विपद्को प्रतिकूल प्रभावको सामना क्षमता विकास भएको हुनेछ। | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ३. | **विपद् जोखिम सुशासनको सुनिश्चितताः** विपदबाट धेरै प्रभावित हुने उच्च सङ्कटासन्नता र जोखिममा रहेका विभिन्न सामाजिक समूहलाई विपद् व्यवस्थापनका सबै चरणमा सहभागिता सुनिश्चित गरी उनीहरूको सशक्तिकरण र साझेदारीको प्रवर्द्धन गर्ने । | समाजका सबै तह, तप्का र वर्गका नागरिक विपद् जोखिम व्यवस्थापनका कार्यमा सक्रिय भएर उत्थानशीलता अभिवृद्धिमा सहभागी भएका हुनेछन् | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ४. | **विशेष वर्गका लागि कार्यक्रमः** समाजका सीमान्तीकृत समूह, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा वृद्धवृद्धाहरू र अति | सीमान्तीकृत समूहमा समेत विपद् जोखिम व्यवस्थापनका कार्य सञ्चालन भएर जीवन रक्षा र जीविकोपार्जनमा सुधार आएर विपद् | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | सङ्कटासन्न समूहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरी सञ्चालन गर्ने । | उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | | | |

## ५.३ प्राथमिकता प्राप्त कार्य ६: समन्वय संयन्त्रको विकास

यस गाउँपालिकामा र यससंग सीमा जोडिएका स्थानीय तहमा हुने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउन निम्न अनुसार कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **आन्तरिक समन्वय:** विपद् जोखिम न्यूनीकरणका कार्यलाई सबै क्षेत्र, विषयगत निकाय र तहमा सहज रूपमा कार्यान्वयन गर्न सबै निकायबीच चुस्त समन्वयका लागि समन्वय इकाई गठन गरिनेछ । | सबै निकायबीच प्रभावकारी समन्वय भएर विपद् जोखिम न्यूनीकरणका कार्य सहज रूपमा अगाडि बढेका हुनेछन् । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| २. | **विकास निर्माणमा समन्वय:** गाउँपालिका तहमा महत्वपूर्ण पूर्वाधारहरू ( आवास, सिँचाइ, उद्योग, कृषि, सडक, विद्यालय, स्वास्थ्य केन्द्र, खानेपानीका संरचना, आदि) को निर्माण र | विकास निर्माणका कार्यमा सबै सरोकारवालाबीच समन्वय भएर विपद् उत्थानशील गाउँपालिकाको विकासमा योगदान भएको हुनेछ । | | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्चालनका लागि प्रभावकारी समन्वय गर्ने । | | | | |
| ३. | **स्थानीय सम्बन्धः** विभिन्न स्थानीय तहसँग सीमा जोडिएका तल्लो र माथिल्लो क्षेत्रबीच सूचना आदान प्रदान तथा जोखिम व्यवस्थापनका लागि समन्वय गरिनेछ । | तल्लो र माथिल्लो गाउँपालिका तहबीच विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यमा समन्यव भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

## ५.४ प्राथमिकता प्राप्त कार्य ७ः विपद् जोखिम न्यूनीकरणका लागि सहकार्य र साझेदारी अभवृद्धि

गाउँपालिकामा बहूविपद् जोखिम न्यूनीकरणका माध्यमबाट उत्थानशीलता अभिवृद्धिका लागि सहकार्य र साझेदारी विकासलाई सुनिश्चित गरिनेछ । यसका लागि निम्न अनुसारका कार्यक्रम सञ्चालन गरिनेछनः

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **बहूसरोकारवाला मञ्चको विकासः** गाउँपालिका भित्र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत एवं विपद् जोखिम न्यूनीकरणका कार्य गर्नुपर्ने बहूसरोकारवाला निकायबीच साझेदारी अभिवृद्धि गर्ने । | विपद् जोखिम न्यूनीकरण सम्बन्धि अवधारणाको विकास भएर यसको महत्व उजागर भई सबै तह र वर्गबीच साझेदारी अभिवृद्धि एवं विपद् सुरक्षा संस्कृतिको विकास भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| २. | **सञ्जालीकरण प्रवर्द्धनः** गाउँपालिकामा कार्यरत विकास साझेदार र स्थानीय तहमा गठन भएका समुदायमा आधारित समितिहरू र सामुदायिक संस्थाहरूको | विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, सामुदायिक संस्था र नागरिक समाजबीच सहकार्य र साझेदारी विकास भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्जालीकरणलाई प्रोत्साहित गर्ने | | | | |
| ३. | **युवा परिचालनः** विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यमा युवा समूहहरुलाई सहभागी गराएर साझेदारी प्रवर्धन गर्ने | युवा समूहहरु सहभागी भएर साझेदारी प्रवर्द्धन भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ४. | **समूहसँग सहकार्यः** विभिन्न क्षेत्रमा क्रियाशील उपभोक्ता समूह, आमा वा महिला समूह, कृषि समूह वा समुदायमा रहेका समूहहरुसँग सहकार्य गरी विपद् जोखिम न्यूनीकरणका कार्यलाई प्रवर्द्धन गर्ने । | समुदाय तहमा क्रियाशील समूहहरू विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा क्रियाशील भएर नागरिक तहमा सुरक्षित संस्कृतिको विकास भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ५. | **दाता, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्यः** गाउँपालिकामा रहेका उद्योग बाणिज्य संघ, पर्यटन व्यवसायी, इच्छुक दाता, गैरसरकारी क्षेत्र र सञ्चार माध्यम लगायतका बहूसरोकारवाला क्षेत्रसँग सहकार्य गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्य गर्ने । | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सबै सरोकारवालाबीच सहकार्य प्रवर्द्धन भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

## अध्याय ६: प्राथमिकता प्राप्त क्षेत्र ३

### विपद् जोखिम न्यूनीकरणमा आधारित लगानी प्रवर्द्धन

सरकारी, गैरसरकारी एवं निजी क्षेत्रबाट विकासमा हुने लगानीलाई विपदबाट सुरक्षित राख्न र उत्थानशील बनाउन विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका विभिन्न पक्षमा लगानी बढाउनु आवश्यक हुन्छ । यस सन्दर्भमा विपद् जोखिम न्यूनीकरणमा भइरहेका कार्यलाई थप प्रभावकारी र प्रतिफलमुखी बनाउन प्रयास गरिनेछ । यसका लागि देहाय अनुसारका प्राथमिकता प्राप्त कार्य पहिचान भएका छन:

प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लगानी अभिवृद्धि

प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य १०: विपद् जोखिम हस्तान्तरण र सामाजिक सुरक्षामा लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ११: समुदायमा आधारित विपद् उत्थानशील कार्यक्रम प्रवर्द्धन

विपद् जोखिम संवेदनशीलतामा आधारित लगानी प्रवर्द्धनका लागि पहिचान गरिएका प्राथमिकता प्राप्त कार्यका लागि निम्न अनुसार रणनीतिक क्रियाकलाप निर्धारण गरिएको छ:

### ६.१ प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लागानी अभिवृद्धि

सामाजिक तथा आर्थिक विकास र भौतिक पूर्वाधारलाई विपद् उत्थानशील बनाउन स्थानीय सरकारले जोखिम न्यूनीकरणका कार्य सुनिश्चित गर्नुपर्छ र यसका लागि लगानी वृद्धि गर्नु जरुरी हुन्छ । तसर्थ स्थानीय सरकारले लगानी अभिवृद्धि गर्न निम्न अनुसारका रणनीतिक कार्य गर्नेछ: ।

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | भूउपयोग कार्यक्रम: प्रकोप आँकलन अनुसारको भूउपयोग योजना अनुरूप भूमिको उपयोग सुनिश्चत गर्न र पहिरोको नियन्त्रणमा लगानी गर्ने । | भूमिको स्वरुप अनुसार भूउपयोग भएर सुरक्षित समाजको विकास भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| २. | विपद् संवेदनशील योजना: विपद् जोखिमको पहिचान, लेखाङ्कन, अभिलेखीकरण अनुसार गाउँपालिकाको आवधिक तथा वार्षिक | गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन अध्ययन तथा | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | योजना निर्माण र कार्यान्वयन जोखिम संवेदनशीलताका आधारमा गर्ने । | अनुसन्धानमा आधारित योजना भएका हुनेछन् । | | | |
| ३. | **विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण:** विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण सुनिश्चित गर्न उपयुक्त कार्यक्रम र उचित बजेट विनियोजन गर्ने । | विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण भएर विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ४. | **भौतिक पूर्वाधारको प्रबलीकरण:** पुराना एवं जोखिमयुक्त विद्यालय, स्वास्थ्य संस्था, खानेपानीका संरचना, सरकारी तथा सार्वजनिक भवनहरू, ऐतिहासिक सम्पदा लगायतका पूर्वाधारको जोखिम पहिचान गरी प्रबलीकरणमा लगानी बढाउने । | कमजोर भौतिक संरचनाका कारण हुने क्षति न्यूनीकरण र तिनबाट प्राप्त हुने आधारभूत सेवामा उत्पन्न हुनसक्ने अवरोधबाट समाप्त भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ५. | **पूर्वाधार निर्माणमा जोखिम न्यूनीकरण लगानी:** सरकारी र सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य संस्था, सडक, पुल, कल्भेट, खानेपानीका पूर्वाधार, सञ्चारका साधन लगायत भैतिक पूर्वाधार निर्माणका कार्यक्रम तयारी, डिजाइन र निर्माण गर्दा जोखिम | स्थानीय तहको लगानीमा निर्माण हुने सबै प्रकारका भौतिक पूर्वाधार र संरचना विपद् उत्थानशील भएका हुनेछन् । | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | न्यूनीकरणका लागि बजेट व्यवस्था गर्ने । | | | | |
| ६. | **सुरक्षित पर्यटन प्रवर्द्धनमा लगानी:** सुरक्षित पर्यटकीय क्षेत्रको विकास र सुरक्षित पदमार्ग निर्माण तथा पर्यटकीय क्षेत्रमा पूर्वसूचना प्रणालीको विकासमा लगानी बढाउने । | पर्यटकीय क्षेत्र र पदमार्ग विपद्को जोखिमबाट उत्थानशील भई पर्यटन प्रवर्द्धनमा योगदान मिल्नेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ७. | **विपद् सुरक्षित शैक्षिक संस्थाको विकास:** गाउँपालिकाका अन्तर्गतका सबै शिक्षालयलाई संरचनागत तथा गैह्रसंरचनात्मक रुपमा विपद् उत्थानशील बनाउन लगानी गर्ने । | विद्यालयमा रहेको विपद् जोखिम न्यूनीकरण भएर गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ । | मध्यकालीन | गाउँपालिका | गाउँपालिका |
| ८. | **उत्थानशील स्वास्थ्य सेवाको विकासमा लगानी:** गाउँपालिकाका स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन  स्वास्थ्य केन्द्र जोखिम न्यूनीकरणमा लगानी बढाउने । | गाउँपालिका भित्रका स्थानीय तहमा समेत रहेका वा स्थापना हुने स्वास्थ्य सेवा प्रदायक संस्थाहरू विपद् जोखिमबाट सुरक्षति भएर निर्वाध सेवा दिन सक्षम भएका हुनेछन् । | मध्यकालीन | गाउँपालिका | गाउँपालिका |
| ९. | **सुरक्षित सडकको निर्माण:** भइरहेका सडकको जोखिम न्यूनीकरण गर्न र नयाँ सडकको निर्माणका क्रममा नै सम्भावित दुर्घटना न्यूनीकरणका | सञ्चालनमा रहेका वा निर्माण हुने सडकहरू सुरक्षित तथा सडकको उपयोगबारे नागरिक सुसूचित भई | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | उपाय अवलम्बन गर्दै सडक सुशासन सुनिश्चित गर्न लगानी बढाउने । | उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | | | |
| १०. | **सुरक्षित कृषि विकासमा लगानी:** विपद् र जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्न र कृषि सूचना प्रणालीको विकासमा लगानी बढाउने । | विपद् र जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने प्रभाव न्यून भएर कृषि उत्पादनमा वृद्धि भएको हनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| ११. | **जल तथा जलाधार क्षेत्र व्यवस्थापन:** सुख्खाग्रस्त क्षेत्रमा कृत्रिम पोखरीहरू निर्माण गरी पानी संरक्षण र वर्षाको पानी सङ्कलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधि विकास गरी ताल, जलाधार क्षेत्र र पोखरीहरूको संरक्षणमा लगानी बढाउने । | जलाधार क्षेत्र र जल सम्पदाको संरक्षण तथा उच्च सङ्कटासन्नता रहेका क्षेत्रमा जल व्यवस्थापन भएर पानीको अभावका कारण हुने जोखिम न्यून भएको हुनेछ। | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| १२. | **समावेशी संरचनामा लगानी:** सरकारी तथा सामुदायिक भवन, विद्यालय, अस्पताल र आश्रय स्थलहरू, व्यवसायिक प्रतिष्ठान र सबै प्रकारका पूर्वाधार महिला, बालबालिका, बृद्धबृद्धा तथा अपाङ्ग मैत्री बनाउन लगानी सुनिश्चत गर्ने । | सबै प्रकारका भौतिक पूर्वाधार महिला, बालबिलका, अपाङ्ग तथा वृद्धवृद्धा मैत्री सार्वजनिक पूर्वाधारको निर्माणले विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| १३. | **आगलागी प्रतिरोधि संरचना निर्माण:** विभिन्न | आगलागीबाट हुने क्षति न्यून भएर जनधानको | दीर्घकालीन | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | कारणले यस क्षेत्रमा निरन्तर आगलागी हुने र विशेषगरी कच्ची घरहरूमा आगलागीको जोखिम उच्च रहेका कारण सबै तह र समुदायमा भएका कच्ची घरलाई विस्थापन गर्दै अग्नि प्रतिरोधि घर निर्माण र सुधारका लागि व्यक्ति र समुदायको योगदानमा आधारित सहयोगमा लगानी प्रवर्द्धन गर्ने । | क्षतिमा उल्लेखनीय कमी आएको हुनेछ । | | | |
| १४. | **जैविक प्रविधिमा लगानी:** पहिरो जोखिम न्यूनीकरणका लागि बायो इञ्जीनीयरिङ प्रविधिको प्रयोग गरी तटबन्ध निर्माण, वृक्षारोपण, वन संरक्षण, जलाधार संरक्षण जस्ता कार्यलाई प्रोत्साहन गर्ने । | नदी तटीय क्षेत्रमा बाढीबाट हुने क्षति र पहाडी क्षेत्रमा पहिरोबाट क्षित न्यून भएर सुरक्षित समाजको विकास भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| १५. | **मर्मतसम्भार कोष:** कमजोर भएका पूर्वाधारको प्रबलीकरण र विपद् पछिको तत्कालीन पुनर्निर्माण सुनिश्चित गर्न स्थानीय तहमा आपत्कालीन मर्मत सम्भार कोषको स्थापना गर्ने । | जोखिमयुक्त भौतिक पूर्वाधारको प्रबलीकरणका लागि स्रोत सुनिश्चित भएको हुनेछ । | निरन्तर | गाउँपालिका | गाउँपालिका |
| १६. | **लैङ्गिक उत्तरदायी कार्यक्रम:** स्थानीय | विपद् जोखिम व्यवस्थापनका | निरन्तर | गाउँपालिका | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | सरकार, निजी क्षेत्र र गैरसरकारी वा विकास साझेदारबाट समावेशी तथा अपाङ्गता एवं लैङ्गिकमैत्री विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने । | कार्यक्रममा सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएका वर्गको सहज पहूँच भएको हुनेछ । | | | |

## ६.२ प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी प्रवर्द्धन

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका क्षेत्रमा कार्य गर्ने सरकारी एवं सार्वजनिक निकाय, दातृ निकाय विकास साझेदार र निजी क्षेत्रबाट हुने लगानी अभिवृद्धि गर्न निम्न अनुसारका रणनीतिक कार्य गरिनेछः

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **निजी लगानी वृद्धिः** स्थानीय तहका विपद् जोखिम न्यूनीकरणका विषयगत क्षेत्रमा निजी लगानीका स्रोत पहिचान र व्यवसायिक सामाजिक जिम्मेवारी कार्यक्रम लगानी वृद्धि गर्ने । | विपद् जोखिम न्यूनीकरणमा निजी लगानी बढेर उत्थानशील विकासमा योगदान मिलेको हुनेछ । | निरन्तर | | |
| २. | **व्यवसाय निरन्तरता योजनाः** साना व्यापार तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने । | निजी तथा सार्वजनिक क्षेत्रका सबै निकाय र व्यवसायिक प्रतिष्ठान विपद्पछि पनि निरन्तर सञ्चालन भएका हुनेछ । | निरन्तर | | |
| ३. | **जोखिम न्यूनीकरणका लागि प्रोत्साहनः** विपद् जोखिम न्यूनीकरण गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई बढावा दिन कर छुट गरी प्रोत्साहनको व्यवस्था गर्ने । | निजी तथा सार्वजनिक क्षेत्रबाट आवश्यक पर्ने स्रोत परिचालन भएको हुनेछ । | निरन्तर | | |
| ४. | **जोखिम हस्तान्तरणमा अनुदानः** विपद् जोखिम हस्तान्तरणका विधि अवलम्बन गर्न आवश्यक कार्यविधि तयार गरी जोखिम हस्तान्तरण | सिमान्तीकृत वर्गमा जोखिम हस्तान्तरणको अभ्यास बढ्नेछ र उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | निरन्तर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विधिमा निजी लगानीलाई प्रोत्साहित गर्ने । | | | | |

## ६.३ रणनीतिक कार्य १०: विपद् जोखिम हस्तान्तरण र सामाजिक सुरक्षामा लगानी वृद्धि

विपद् जोखिम न्यूनीकरणका नव प्रवर्तनमुखी कार्यलाई सङ्कटासन्न र प्रभावित समुदायसम्म प्रभावकारी बनाएर राहतमा हुने लगानी घटाउनका निमित्त सबै क्षेत्रको विपद्जन्य जोखिम हस्तान्तरण गर्न देहायका कार्य गर्नेछ:

| **क्रसं.** | **रणनीतिक कार्ययोजना** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|---|
| १. | सार्वजनिक तथा निजी सम्पत्तिको बिमा: सरकारी एवं सार्वजनिक भवनहरू, विद्यालय, तथा महत्वपूर्ण पूर्वाधारहरू र निजी भवनहरू, उद्योग, व्यवसाय, कलकारखाना आदिको बिमा गरी जोखिम हस्तान्तरणलाई अनिवार्य गराउने । | सबै प्रकारका सम्पत्तिको विपद्जन्य जोखिम हस्तान्तरण भएर आर्थिक क्षतिको पूर्ति सुनिश्चत भएको हुनेछ । | मध्यकालीन | | |
| २. | **कृषि तथा पशु बिमा:** विशेषगरी विपद्को जोखिममा रहेका क्षेत्रको कृषि तथा पशु बिमा मार्फत् जोखिम हिस्सेदारीको विद्यमान अभ्यासको अझ प्रभावकारी बनाउने । | कृषि तथा पशु उत्पादनमा हुने क्षतिको पूर्ति सुनिश्चत भएर सामुदायिक उत्थानशीलता वृद्धि भएको हुनेछ । | निरन्तर | | |
| ३. | **कर्जा बिमा गराउने:** कृषि, व्यवसाय तथा उद्योग क्षेत्रमा विपदबाट हुनसक्ने विपद् क्षतिको परिपूर्तिका लागि त्यस्ता क्षेत्रमा लगानी हुने कर्जाको योगदानमा | कृषि तथा व्यवसायिक कर्जा विपद् जोखिम बिमा मार्फत् सुरक्षित भएका हुनेछन् । | अल्पकालीन | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आधारित विमाको व्यवस्था गर्ने । | | | | |

## ६.४ रणनीतिक कार्य ११: समुदायमा आधारित विपद् उत्थानशील कार्यक्रम प्रवर्द्धन

समुदाय स्तरमा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणलाई सुनिश्चित गर्न समुदायको प्रत्यक्ष संलग्नता, सहभागिता र स्वामित्वमा काम गर्ने गरी सामुदायिक उत्थानीलता अभिवृद्धिका लागि निम्न अनुसार काम गरिनेछ:

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **समुदायमा आधारित विपद् व्यवस्थापन समितिको प्रवर्धन:**<br>विशेषगरी विपद्को जोखिम देखिएका एवं अन्य समुदायमा समेत समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम प्रवर्द्धन गर्ने । | समुदाय स्वयं विपद्को जोखिम न्यूनीकरण र सामना गर्न अग्रसर हुने वातावरण तयार भएको हुनेछ । | निरन्तर | | |
| २. | **सामुदायिक कार्यक्रम सञ्चालन:**<br>विपद्को प्रकार, प्रकृति र प्रभावका आधारमा विशिष्ट कार्यक्रम तयार गरी समुदाय स्वयंलाई परिचालन गरेर विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न लगानी गर्ने । | समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रमबाट उत्थानशील सममुदायको विकास भएको हुनेछ । | निरन्तर | | |
| ३. | **सामुदायिक जोखिम लेखाजोखा:** विपद्को उच्च जोखिममा रहेका क्षेत्रका समुदायको विपद् जोखिम र | सबै समुदायको विपद् तथा जलवायु परिवर्तन सम्बन्धी जोखिम नक्शाङ्कन भएको हुनेछ | निरन्तर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्षमता लेखाजोखा र जोखिम नक्शाङ्कनमा लगानी बढाउने । | | | | |
| ४. | **जनचेतना अभिवृद्धिः**<br>समुदायको प्रकृति, विपद्को प्रकार, प्रकृति, बारम्बारता र प्रभावका आधारमा जोखिम न्यूनीकरणका विधिसहित जनचेतना र क्षमता विकासका लागि लगानी सुनिश्चत गर्ने । | विपद् जोखिम न्यूनीकरणमा लगानी र चेतना वृद्धि भएको हुनेछ । | निरन्तर | | |

## अध्याय ७: प्राथमिकता प्राप्त क्षेत्र ४

### प्रभावकारी विपद् पूर्वतयारीको सुदृढीकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्षेत्र समेटेर विपद्को सामना गर्ने र विपद् परिहालेमा यसको सामना गर्दै विपद् पछिको शीघ्र पुनर्लाभ सहित पुनर्निर्माण र पुनर्स्थापनलाई उत्थानशील, दिगो र भरपर्दो बनाउन पहिले नै तयारी अवस्थामा रहनु पर्ने हुन्छ । यसका लागि मूलतः पूर्वतयारीलाई सुदृढ बनाउने कार्य समेटिएका छन् । यस रणनीतिको अन्तिम प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न अनुसारका चार प्राथमिकता प्राप्त कार्य पहिचान गरी कार्ययोजना तयार गरिएको छः

प्राथमिकता प्राप्त कार्य १२: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी

प्राथमिकता प्राप्त कार्य १३: बहूप्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार

प्राथमिकता प्राप्त कार्य १४: खोज तथा उद्धार क्षमता विकास

प्राथमिकता प्राप्त कार्य १५: उत्थानशील पुनर्निर्माण र पुनःस्थापनाका लागि अझ राम्रो र बलियो निर्माण अवधारणाको प्रवर्द्धन

### ७.१ प्राथमिकता प्राप्त कार्य १२: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी सुदृढीकरण

विपद्का समयमा खोज, उद्धार र राहतलाई प्रभावकारी बनाएर मानिस, मानवीय सम्पत्ति, जीविकोपार्जन सुनिश्चित गर्न आवश्यक पूर्वतयारीका लागि गाउँपालिकाले देहायका कार्य गर्नेछः

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **प्रतिकार्य योजना तर्जुमाः** आपत्कालीन समयमा खोज, उद्धार र राहत व्यवस्थापनका लागि स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने । | विपद् प्रतिकार्य समन्वयात्मक र प्रभावकारी भएको हुनेछ । | अल्पकालीन | | |
| २. | **आपत्कालीन सामग्री भण्डारगृह स्थापनाः** स्थानीय तहमा आपत्कालीन समयका लागि विपद्को प्रकृति र जनसंख्याका | आपत्कालीन समयमा आधारभूत सामग्रीको उपलब्धता सहज भएको हुनेछ । | निरन्तर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आधारमा सामग्री मौज्दात राख्ने । | | | | |
| ३. | **आश्रय स्थलहरूको विकासः** खुला स्थानको पहिचान तथा व्यवस्थापन गरी आपत्कालीन समयमा उपयोग गर्न सकिने गरी विकास गर्ने । | आपत्कालीन समयमा प्रभावित र घरबाट विस्थापितका लागि सुरक्षित आवाशको सुनिश्चितता भएको हुनेछ । | अल्पकालीन | | |
| ४. | **संघ र प्रदेश तहबाट सहयोगः** यस रणनीतिका लक्ष्य प्राप्तिका लागि संघ र प्रदेशबाट नीतिगत व्यवस्था, विपद् तथा जलवायु सिकाइ केन्द्र र आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना, पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि आवश्यक सहयोग माग गर्ने । | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा स्थानीय सरकार र नागरिक तथा नागरिक समूहको क्षमता अभिवृद्धि भएको हुनेछ । | निरन्तर | | |
| ५. | **सामुदायिक पूर्वतयारीः** समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरूलाई विपद्को सामना गर्नका लागि स्थान र विपद्को प्रकृतिको आधारमा तयारी अवस्थामा राख्ने । | विपद्का समयमा व्यक्ति, परिवार र समुदायको जीवन र सम्पत्तिको रक्षामा स्थानीयको सक्रिय सहभागिता वृद्धि भएको हुनेछ । | निरन्तर | | |
| ६. | **सूचना प्रणालीको स्थापनाः** स्थानीय तहमा आपत्कालीन सूचना तथा सञ्चार प्रणालीको विकास गर्ने । | विपद्को समयमा सूचना सम्प्रेशण प्रभावकारी भएको हुनेछ । | निरन्तर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | **विशेष सेवा व्यवस्था:** गाउँपालिकाका भण्डारण गृहहरूमा महिला, गर्भवती र स्तनपान गराउने महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति तथा बिरामी लक्षित सामग्री र उपकरणहरू पर्याप्त भण्डारण गर्ने र उनीहरूको पहुँच सुनिश्चित गर्ने । | विपद्का समयमा विशिष्ट आवश्यकता भएका सबै वर्गले आफ्ना आवश्यकता बमोजिमको मानवीय सहयोग प्राप्त गरेका हुनेछन् । | निरन्तर | | |
| ८. | **मनोसामाजिक सेवा:** विपद्का कारण त्रासमा परेका वर्गलाई मनोसामाजिक सेवा प्रदान गर्ने विज्ञ वा सेवकको पूर्व वन्दोवस्त गर्ने । | विपदबाट मानसिक सन्तुलन गुमाएका वा विक्षिप्त भएका व्यक्तिको जीवन सामान्य अवस्थामा आएको हुनेछ । | निरन्तर | | |

## ७.२ प्राथमिकता प्राप्त कार्य १३: बहूप्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार

विपद् पर्नु पहिले नै मानिस र मानवीय सम्पत्तिको रक्षाका लागि जोखिममा रहेका समुदायलाई सुरक्षित स्थापनमा स्थानान्तरका कार्यलाई सुनिश्चित गर्न पूर्वसूचना प्रणालीको विकास र विस्तार गरिनेछ ।

यसका लागि निम्न अनुसारका क्रियाकलाप निर्धारण गरिएको छ:

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **पूर्वसूचना प्रणालीको विकास र विस्तार:** संघीय र प्रदेश सरकारको सहमति र सहयोग लिएर पूर्वसूचना प्रणालीको विकास र विस्तार गर्ने । | मानिस समयमै सचेत भएका हुनेछन् । | निरन्तर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | **सामुदायिक पूर्वसूचना विधिको प्रवर्द्धनः**<br>आपत्कालीन पूर्वसूचनामा पहुँच नभएका समुदायका व्यक्तिका लागि समुदायमा आधारित पूर्वसूचना प्रणालीको प्रवर्द्धन गरी पहुँच कायम गराउने । | विपद् सम्बन्धी सूचना समुदायले समुदायबाटै सहज रूपमा प्राप्त गरी जीवन र सम्पत्ति रक्षा गर्न सफल भएका हुनेछन् । | निरन्तर | | |
| ३. | **सन्देशमा एकरुपता विकासः**<br>बाढी, पहिरो, आगलागी, भूकम्प गइहालेमा कसरी सुरक्षित रहने भन्ने विषयका सन्देश स्थानीय भाषामा समेत तयार गरी सम्प्रेशण गर्ने । | नागरिकमा बहूविपद्का सम्बन्धमा बुझाइ समान भएर विपद्को सामना क्षमता विकास भएको हुनेछ । | निरन्तर | | |
| ४. | **सञ्चार साझेदारीः**<br>दूरसञ्चार तथा स्थानीय एफ.एम. सेवा प्रदायकसँग समन्वय गरी बहुविपद् पूर्व सूचना सरल भाषामा सन्देशका माध्यमबाट पूर्वसूचना गर्ने । | नागरिक तहसम्म विपद्को पूर्वसूचना सम्प्रेषण भएको हुनेछ । | निरन्तर | | |
| ५. | **विशेष वर्ग लक्षित पूर्वसूचनाः**<br>आपत्कालीन समयमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, सञ्चार साधनबाट बञ्चित वा पूर्ण उपयोग गर्न नसक्ने व्यक्तिका लागि साङ्केतिक भाषा वा अपाङ्गता | अपाङ्गता भएका वा अन्य विशेष वर्गका मानिसमा विपद् सम्बन्धी जानकारी र पूर्वसूचनाको पहुँच वृद्धि भएको हुनेछ । | निरन्तर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुसारका भाषामा सूचना सम्प्रेशण गर्ने । | | | | |

## ७.३ रणनीतिक कार्य १४: खोज तथा उद्धार क्षमता विकास

विपद्का समयमा गरिने समुदाय स्तरमा गरिने खोज तथा उद्धारलाई प्रभावकारी बनाउन स्थानीय तह देखि समुदायसम्म खोज तथा उद्धारको क्षमता विकासका लागि निम्न अनुसार काम गरिनेछ

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **आपतकालीन कार्य सञ्चालन केन्द्रको क्षमता विकास:**<br>स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको स्थापना, विस्तार र कर्मचारीको क्षमता विकास गर्ने । | आपत्कालीन कार्यसञ्चालन केन्द्रको समन्वय प्रभावकारी भएको हुनेछ । | निरन्तर | | |
| २. | **नगरपालिका/गाउँपालिका तहमा खोज तथा उद्धार कार्यदल गठन:**<br>विपद् प्रतिकार्यका लागि स्थानीय तहमा अवस्थित सुरक्षा निकायमा साधारण खोज तथा उद्धार दल गठन गरी क्षमता विकास गर्ने । | आफ्नै खोज तथा उद्धार कार्यदल भएर विपद् प्रतिकार्य प्रभावकारी भएको हुनेछ । | अल्पकालीन | | |
| ३. | **आपत्कालीन स्वास्थ्य सेवा:**<br>विपदमा परेर घाइते भएका व्यक्तिको तत्कालीन उपचारका लागि दक्ष उपचारक र सामग्रीको पर्याप्तता सुनिश्चित गर्ने । | आपत्कालीन उपचार प्रभावकारी र सेवामा सबैको पहुँच कायम भएको हुनेछ | निरन्तर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | **सिकाइ आदानप्रदानः**<br>विपद् व्यवस्थापनका कार्य र उपलब्धि, विपद्‌को प्रकार, प्रकृति, प्रभाव र मानिसको सामना क्षमता लगायतका विषयमा अनुभव आदान प्रदानका लागि वर्षमा दुईपटक (मनसुन पहिले र पछि) कार्यशाला आयोजना गर्ने । | स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यमा ज्ञान आदानप्रदान भएर उत्थानशीलता विकासमा सहयोग पुगेको हुनेछ । | निरन्तर | | |
| ५. | **समुदायको क्षमता विकासः**<br>समुदायमा आधारित समूह, सामुदायिक संस्थाहरू (बाल क्लब, युवा क्लब, आमा समूह, ज्येष्ठ नागरीक मञ्च, नागरिक सरोकार केन्द्र, आदि) को विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिबृद्धि गर्ने । | समुदाय विपद् जोखिम न्यूनीकरण र विपद्‌को सामना गर्न सक्षम भएको हुनेछन् । | निरन्तर | | |

## ७.४ प्राथमिकता प्राप्त कार्य १५: उत्थानशील पुनर्निर्माण, पुनर्स्थापना र पुनर्लाभका लागि अझ राम्रो र बलियो निर्माण

विपद् पछिको शीघ्र पुनर्लाभ, पुननिर्माण र पुनर्स्थापनालाई प्रभावकारी र विपद् उत्थानशील बनाउन निम्न अनुसार कार्य गरिनेछ :

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **पुनर्स्थापना कार्यविधिः**<br>विपद् प्रभावित परिवारको लागि पुनर्वास निर्देशिका तयार गर्ने । | विपद् पछिको पुनर्स्थापना सुरक्षित भएको हुनेछ | अल्पकालीन | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | **क्षमता विकासः** प्रकोप प्रतिरोधी अझ राम्रो पुनःनिर्माणका लागि ईन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत् क्षमता अभिबृद्धि गर्ने । | विपद्पछिको पुनर्निर्माणमा दक्ष जनशक्ति परिचालन भएको हुनेछ । | निरन्तर | | |
| ३. | **मापदण्ड निर्माणः** सबै प्रकारका भौतिक पूर्वाधारको निर्माण भवन निर्माण मापदण्ड अनुसार लागू गर्ने । | विपद्पछिको पुनर्निर्माण जोखिमरहित हुने सुनिश्चत भएको हुनेछ । | अल्पकालीन | | |
| ४. | **समावेशी निर्माणः** विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने । | विपद्पछिको पुनर्निर्माण र पुनर्स्थापना सबै वर्गमैत्री र सहज पहुँचयुक्त र उत्थानशील भएको हुनेछ । | निरन्तर | | |
| ५. | **पुननिर्माण योजनाः** विपद् पश्चात पुनर्निर्माण गर्दा विपद् जोखिम आँकलन गरी भौतिक पूर्वाधारहरूको योजना सहित एकीकृत वस्ती विकास गर्ने, योजनाको ढाँचा र मापदण्ड तयार गर्ने । | विपद् पछि हुने पुनर्निर्माण विपद् उत्थानशील भएको हुनेछ । | दीर्घकालीन | | |

## अध्याय ८: रणनीतक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्य योजना कार्यान्वयनका लागि गाउँपालिकाले विभिन्न क्षेत्रबाट स्रोतको परिचालन गर्नेछ । विषयगत विकास क्षेत्रमा जोखिम न्यूनीकरण कार्यका लागि सोही कार्यक्रममा र अलग्गै स्रोतको व्यवस्था कार्यक्रम अनुसार वार्षिक कार्यक्रम र बजेटमा उल्लेख हुनेगरी विनियोजन हुनेछ । गाउँपालिकाले खासगरी निम्न अनुसारका क्षेत्रबाट आर्थिक स्रोत व्यवस्था गर्नेछ :

**(१) औपचारिक श्रोत बाँडफाँड प्रक्रिया**

(क) विषयगत शाखामा विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमको लागि विनियोजित बजेट ।

(ख) विपद्पछि पूनर्लाभ र पुनर्निर्माणका लागि आवश्यकता लेखाजोखा अनुरुप विनियोजन भएको बजेट वा त्यस कार्यका लागि स्थापित कोष ।

(ग) गाउँपालिकाले विपद् जोखिम व्यवस्थापन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्न छुट्याएको विशेष बजेट ।

(घ) ठूला विपद्का घटनापछि अन्य आयोजनाको बजेटबाट सोहि विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुननिर्माणमा उपयोग गर्ने गरी रकमान्तर गरी व्यवस्था गरिएको स्रोत ।

**(२) स्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापनबाट व्यवस्था भएको बजेट**

(क) स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि छुट्याइएको बजेट ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा प्रतिफल वा उपलब्धिका आधारमा दिइने वा प्राप्त हुने अनुदान ।

(ग) विपद् जोखिम न्यूनीकरणमा हुने अतिरिक्त व्ययभारको लागि थप अनुदान ।

**(३) नियामक प्रक्रियाबाट प्राप्त श्रोत**

(क) शहरी र क्षेत्रीय योजना, जग्गा प्लटिङ्ग र अन्य भौतिक तथा पर्यावरणीय योजना नियमनबाट प्राप्त स्रोत ।

(ख) खरिद सम्झौताका शर्तहरूबाट प्राप्त रकम ।

(ग) सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्कबाट छुट्याइएको रकम ।

(घ) सम्पत्तिको मूल्याङ्कन र खरिद बिक्री दस्तुरबाट उठेकोमध्ये छट्याइएको रकम ।

(ङ) प्राकृतिक श्रोतसाधनहरू (वन, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) को प्राप्त रोयल्टीबाट छुट्याइएको रकम ।

**(४) विपद् व्यवस्थापन कोषको परिचालन**

(क) स्थानीय तहमा स्थापना भएका विपद् व्यवस्थापन कोषमा सञ्चित रकम ।

(ख) समुदायमा आधारित वार्ड तथा समूहमा स्थापना भएका सामुदायिक विपद् व्यवस्थापन कोष ।

**(५) नगरपालिका/गाउँपालिकाका लागि आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त कार्यक्रम सहयोग**

(क) नेपाल सरकारबाट विपद् जोखिम न्यूनीकरणका लागि सञ्चालन हुने विशेष कार्यक्रम मार्फत् प्राप्त बजेट ।

(ख) द्वीपक्षीय तथा बहूपक्षीय सहयोगबाट प्राप्त विकास कार्यक्रम र बजेटमा निर्धारित रकम ।

(ग) दातृ निकाय, रेडक्रस अभियान, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसकारी संस्थाहरूबाट विपद् जोखिम व्यवस्थापन र मानवीय सहयोगका लागि सञ्चालन हुने कार्यक्रम, परियोजना आदिबाट परिचालन हुने रकम ।

(घ) अन्य वैदेशिक सहयोग, अनुदान र ऋृण सहयोग अन्तर्गत प्राप्त हुने रकम ।

## अध्याय ९: अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

### ९.१ रणनीतिक कार्ययोजनाको कार्यान्वयन

विपद् उत्थानशील विकासका लागि गाउँपालिकाको क्षेत्रमा विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण अनिवार्य प्रक्रिया भएकोले विकाससँग सम्बन्धित निकायले सहकार्य र समन्वय गरेर काम गर्नु पर्नेछ । त्यसैले विपद् जोखिम न्यूनीकरणका लागि निर्धारण गरिएका रणनीतिक क्रियाकलापहरू गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समायोजन गरेर मूलप्रवाहीकरणका माध्यबाट कार्यान्वयन गरिनेछ ।

यस रणनीतिको कार्यान्वयनका लागि संघ, प्रदेश र गाउँपालिकाका, समुदायमा आधारित संस्थाहरूसँग साझेदारी विस्तार गर्नेछ । आवश्यकता अनुसार संघ र प्रदेश सरकारसँग सहयोग लिएर र समन्वयमा आधारित भएर रणनीतिक कार्ययोजनाको कार्यान्वय गरिनेछ । विपद् जोखिम व्यवस्थापनको कार्य सबैको साझा धारणा, दृष्टिकोण, समन्वय र सहकार्यबाट मात्र सम्भव हुने यस रणनीतक कार्ययोजनाको कार्यान्वयनको लागि निम्न अनुसारका विधि र उपाय अपनाइनेछः

(क) विषयगत शाखाको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्य योजनालाई मार्गदर्शनका रूपमा अवलम्बन गरिनेछ ।

(ख) योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन यसका क्रियाकलापलाई गाउँपालिकाकाको आवधिक तथा वार्षिक कार्यक्रममा समायोजन गरिनेछ ।

(ग) रणनीतिका प्राथिमकता प्राप्त कार्यलाई परियोजनाको रूपमा विकास गरी दातृ निकाय र विकास साझेदारसँगको सहकार्यमा समेत कार्यान्वयन गरिनेछ ।

(घ) विपद् जोखिम न्यूनीकरण सम्बन्धी आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई निरन्तरता दिन प्राथमिकताका आधारमा बहुवर्षीय कार्यक्रम तर्जुमा गरी आवश्यक स्रोत व्यवस्थापन गरिनेछ ।

(ङ) कार्ययोजना कार्यान्वयनको लागि स्पष्ट नीतिगत र संस्थागत व्यवस्था गरिनेछ र समयानुकूल परिमार्जन गरिनेछ ।

(च) यस कार्य योजनाको उपलब्धीलाई प्रभावकारी बनाउँन संघ, प्रदेश र बहूसरोकारवाला सँग समन्वय गरिनेछ ।

### ९.२ अनुगमन तथा मूल्याङ्कन

यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाले पहिचान र निर्धारण गरेका अधिकांश कार्यक्रम संघ, प्रदेश, गाउँपालिकाका र विकास साझेदारका साथै निजी क्षेत्रबाट सञ्चालन हुनेछन् । यसरी सञ्चालन हुने कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन निम्न अनुसार गर्ने व्यवस्था मिलाइनेछ :

सबै क्षेत्रबाट भएका कार्यको अनुगमन तथा मूल्याङ्कनका लागि सरकारको नियमित अनुगमन तथा मूल्याङ्कन प्रक्रिया भित्र नै समावेश गरिनेछ । यसरी गरिने अनुगमन र मूल्याङ्कनका लागि कार्ययोजना अनुसार नै आवश्यक सूचक तयार गरिनेछ । अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछ :

(क) स्थानीय विपद् व्यवस्थापन समितिले रणनीतिक कार्ययोजनाका क्रियाकलापका आधारमा विषयगत क्षेत्र अनुरुप अनुगमन र मूल्याङ्कन सम्बन्धी छुट्टाछुट्टै सूचक सहितको ढाँचा गरी विषयगत शाखालाई उपलब्ध गराउनेछ । यसका आधारमा सम्बन्धित शाखाले आफ्नो नियमित अनुगमन तथा मूल्याङ्कन सूचकको अभिन्न अङ्गका रूपमा लिएर अनुगमन र मूल्याङ्कन गर्नु पर्नेछ ।

(ख) विषयगत शाखाले आफ्ना नियमित अनुगमन तथा मूल्याङकनका क्रममा नै विपद् जोखिम व्यवस्थापनका सूचक अनुसार अनुगमन तथा मूल्याङ्कन गरी त्यसको प्रतिवेदन विपद् व्यवस्थापन हेर्ने शाखामा पठाउनेछन् ।

(ग) स्थानीय विपद् व्यवस्थापन समितिले त्यस्ता प्रतिवेदनको अध्ययन गरी आवश्यक परेमा आफैं पनि अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ र प्राप्त सुझाव अनुसार आवश्यक निर्णय गर्न सक्नेछ ।

(घ) विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा गैरसरकारी संस्था वा विकास साझेदार, निजी क्षेत्र वा नागरिक समाज मार्फत् भएका कार्यको अनुगमन तथा मूल्याङ्कन नगरपालिका/गाउँपालिकाका सम्बन्धित शाखाले कार्यक्रमको क्रियाकलाप अनुरूप सूचक तयार गरी गर्नेछन् र त्यसको प्रतिवेदन स्थानीय विपद व्यवस्थापन समितिमा पेश गर्नेछन् ।

(ङ) स्थानीय तहमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समन्वय सम्बन्धित स्थानीय तहमा गठित विपद् व्यवस्थापन समितिले गर्नेछन् ।

## ९.३ पुनरावलोकन र अध्यावधिक

यस कार्ययोजनाको कार्यान्वयन सन् २०२०-२०३० रहेको छ । रणनीतिक कार्ययोजनाले पहिचान र सुनिश्चित गरेका क्रियाकलापको कार्यान्वयनका क्रममा कमी कमजोरी देखिए वा नयाँ कार्यक्रम थप गर्नु पर्ने भएमा वा कुनै क्रियाकलाप अस्वभाविक भएको देखिएमा नगरपालिका/गाउँपालिकाले कुनै पनि समय पुनरावलोकन गर्न सक्नेछ । यस रणनीतिक कार्य योजनालाई देहायका अवस्थामा पुनरावलोकन र अद्यावधिक गरिनेछः

(क) नगरपालिका/गाउँपालिकामा विनाशकारी विपद् भएमा र त्यस्ता विपद् पछिको सिकाइका आधारमा रणानीतिक कार्ययोजनामा परिमार्जन गर्नुपर्ने भएमा ।

(ख) नेपाल सरकार सम्बद्ध नीति र कानून परिमार्जन भएर रणनीतिक कार्ययोजनाको कार्यान्वयन गर्न नसकिएमा ।

(ग) अनुगमन र मूल्याङ्कनको समीक्षा गरी कुनै विषयगत शाखाबाट प्राप्त सुझावले परिवर्तन गर्न गरेको सिफारिस उपयुक्त देखिएमा ।

यो रणनीतिक कार्य योजना स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७... परिच्छेद ... को दफा .... बमोजिम गाउँपालिका परिषदबाट स्वीकृत भई लागू गरिएको छ ।